# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५० ) काठमाडौं, फागुन ७ गते २०५७ साल ( अतिरिक्ताङ्क ५८ (घ)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवबाट राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा २०५७ साल फागुन ७ गते देशवासीका नाममा बक्सेको सन्देश

प्यारा देशवासीहरु,

राष्ट्रिय प्रजातन्त्र दिवसको यस ऐतिहासिक अवसरमा पूज्य आफू बुवाज्यू स्वर्गीय श्री ५ त्रिभुवन तथा प्रजातन्त्रका लागि जीवन समर्पण गर्ने सबैप्रति हामी श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

मुलुकको समुन्नति तथा जनताको कल्याण नै प्रजातन्त्रको लक्ष्य हुनुपर्दछ । प्रजातन्त्रको अभ्यासमा हामी नेपालीहरुले पचास वर्षको अनुभव हासिल गरिसकेका छौं । प्रजातन्त्रलाई विचार पद्धतिको रूपमा मात्र होइन राजनीतिक आचरण र जीवन शैलीको रूपमा पनि व्यवहारमा उतार्न हामी अझै सक्रिय हुनु पर्दछ । बहुदलीय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

प्रजातन्त्रलाई सुशासनबाट अर्थपूर्ण, मानव अधिकारको पूर्ण संरक्षणबाट सम्मानित र जनताको सुरक्षा तथा सन्तुष्टिबाट सुदृढ बनाउन सकिन्छ भन्ने कुरामा हामी सबैको ध्यान जानु परेको छ ।

नेपालको राष्ट्रिय हित एवम् नेपाली जनताको एकताप्रति सचेत भई आ-आफ्नो अधिकार र कर्तव्यप्रति संवेदनशील रहेर देश र देशवासीको समुन्नतितर्फ अघिबढ्न आजको दिनले सबैलाई प्रेरणा प्रदान गरोस्– यही हाम्रो शुभकामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग